आकाशवाणी हो।

November 1st, 2025 Saturday

प्रमुख समाचार

- छत्तीसगढ सहित देशको हरेक भाग माओवादी हिंसाबाट मुक्त हुने दिन टाढा नरहेको प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ
- आन्ध्र प्रदेशको श्री वेंकटेश्वर स्वामी मन्दिरमा भागदौड हुँदा नौ जनाको मृत्यु
- लखनऊलाई युनेस्को पाक शहरको दर्जा प्रदान
- अनि बहराइनमा भएको एसियाली युवा खेलकुदमा ४८ पदक जितेर भारतको अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन

PM Raipur

प्रधानमन्त्री नरेन्द्र मोदीले छत्तीसगढ सहित देशको हरेक भाग माओवादी हिंसाबाट मुक्त हुने दिन टाढा छैन भन्नुभएको छ। आज रायपुरमा छत्तीसगढको रजत जयन्ती समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले माओवादी आतंकका कारण छत्तीसगढका आदिवासी क्षेत्रहरू लामो समयदेखि सडक, विद्यालय र अस्पताल जस्ता आधारभूत सुविधाहरूबाट वञ्चित रहेको बताउनुभयो। यस अवसरमा, प्रधानमन्त्रीले १४,००० करोड रुपैयाँभन्दा बढी मूल्यका विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। प्रधानमन्त्री मोदीले छत्तीसगढ विधान सभाको नयाँ भवनको उद्घाटन गर्नुभयो र परिसरमा पूर्व प्रधानमन्त्री तथा भारतरत्न अटल बिहारी वाजपेयीको प्रतिमा अनावरण गर्नुभयो। उहाँले नव रायपुरमा शहीद वीर नारायण सिंह स्मारक र आदिवासी स्वतन्त्रता संघर्ष संग्रहालय पनि लोकार्पण गर्नुभयो।

2. Andra Pradesh - Stampede

आन्ध्र प्रदेशको श्रीकाकुलम जिल्लाको काशीबुग्गामा रहेको श्री वेंकटेश्वर स्वामी मन्दिरमा भागदौड हुँदा नौ जनाको मृत्यु भएको छ। आज एकादशीको दिन दर्शनका लागि भक्तजनहरूको ठूलो घुइँचो लागेको थियो। प्राप्त जानकारीअनुसार, रेलिङ भत्किँदा भागदौड मच्चिएको हो

3. Bihar – Election

खराब मौसमका कारण बिहार विधानसभाको चुनावी अभियान प्रतिकूल रूपमा प्रभावित भएको छ। यद्यपि, दिउँसो मौसममा सुधार आएपछि धेरै राजनीतिक नेताहरूले सार्वजनिक सभाहरूलाई सम्बोधन गरे। गोपालगञ्जमा भर्चुअल रूपमा एक चुनावी सभालाई सम्बोधन गर्दै वरिष्ठ भाजपा नेता अमित शाहले केन्द्र र राज्य दुवै सरकार किसानहरूको हितमा काम गरिरहेको बताउनुभयो। भाजपा अध्यक्ष जेपी नड्डाले सिवानमा भर्चुअल रूपमा एक चुनावी सभालाई सम्बोधन गर्नुभयो। उहाँले आरजेडी-कांग्रेसको शासन बिहारको लागि अँध्यारो युग थियो भन्नुभयो। जनता दल (संयुक्त) का अध्यक्ष तथा मुख्यमन्त्री नीतिश कुमारले वैशाली जिल्लाको जनदहमा एक जनसभालाई सम्बोधन गर्दै गरिब र सामाजिक रूपमा कमजोर वर्गलाई सहयोग प्रदान गरिँदै आएको बताउनुभयो। बेगुसरायको बछवारामा आफ्नो पहिलो चुनावी सभालाई सम्बोधन गर्दै कांग्रेस नेतृ प्रियंका गान्धीले भाजपाको नेतृत्वमा एनडीए सरकारले साना व्यवसायहरूलाई बर्बाद पारेको आरोप लगाउनुभयो।

4. Waves Bazaar

सूचना तथा प्रसारण सचिव संजय जाजुले आज हैदराबादमा इन्डिया जोय २०२५ मा वेभ्स बजारको उद्घाटन गर्नुभयो। यस अवसरमा बोल्दै उहाँले  वेभ्स बजारमा भारतको सम्पूर्ण मिडिया र मनोरञ्जन उद्योगलाई फाइदा पुऱ्याउने क्षमता रहेको बताउनुभयो। उहाँले  वेभ्स बजारलाई विक्रेता र खरीददारहरूलाई एकसाथ ल्याउने मञ्चको रूपमा वर्णन गर्नुभयो ।

5. States-Foundation Day

राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले आज आन्ध्र प्रदेश, छत्तीसगढ, हरियाणा, कर्नाटक, केरला, लक्षद्वीप, मध्य प्रदेश, पञ्जाब र पुडुचेरीका जनतालाई स्थापना दिवसको शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जाल पोस्टमा राष्ट्रपति मुर्मुले यी सबै राज्यहरूले देशको प्रगतिमा महत्वपूर्ण योगदान पुर्‍याएको उल्लेख गर्नुभएको छ। उहाँले  यी राज्यहरू र केन्द्र शासित प्रदेशहरूले आफ्नो विकास यात्रामा नयाँ कोसेढुङ्गा हासिल गरून् भन्ने कामना गर्नुभएको छ।

6. Rajnath - ASEAN

रक्षामन्त्री राजनाथ सिंहले मलेसियाको क्वालालम्पुरमा आसियान र साझेदार देशहरूका रक्षामन्त्रीहरूको बैठकलाई सम्बोधन गर्दै यो संगठन भारतको सक्रिय Act East नीति र बृहत् हिन्द-प्रशान्त दृष्टिकोणको अभिन्न अंग भएको बताउनुभएको छ। भारतले आसियान र साझेदार देशहरूसँगको आफ्नो रक्षा सहयोगलाई क्षेत्रीय शान्ति, स्थिरता र क्षमता निर्माणमा योगदान पुर्‍याउने रक्षामन्त्रीले  बताउनुभयो।

7. Jaishankar – Britain National Day

विदेशमन्त्री सुब्रमण्यम जयशंकरले भारत-बेलायत सम्बन्ध जटिल ऐतिहासिक सम्बन्धबाट गतिशील र दूरदर्शी साझेदारीमा विकसित भएको बताउनुभएको छ। डा. जयशंकरले राष्ट्रिय राजधानी दिल्लीमा बेलायतको राष्ट्रिय दिवस समारोहमा यो बयान दिनुभएको हो।

8. Mandaviya - EPFO Foundation Day

केन्द्रीय श्रम तथा रोजगार मन्त्री डा. मनसुख मांडवियाले आज कर्मचारी भविष्य निधि संगठन EPFO केवल एक कोष मात्र नभई सामाजिक सुरक्षामा भारतको कार्यबलको विश्वासको

प्रतिनिधित्व गर्ने संगठन हो भन्नुभएको छ। नयाँ दिल्लीमा आयोजित EPFO को ७३ औं स्थापना दिवसमा बोल्दै, श्री मांडवियाले देशको कार्यबलको सामाजिक र वित्तीय कल्याण सुनिश्चित गर्न EPFO को ऐतिहासिक भूमिकाको प्रशंसा गर्नुभयो।

9. Lucknow – UNESCO

युनेस्कोले लखनऊलाई पाककला उत्पत्तिको शहरको रूपमा दर्जा प्रदान गरेको छ। यो दर्जा लखनऊको अद्वितीय पाककला सम्पदा र भारतको समृद्ध पाककला परम्पराहरूमा यसको अमूल्य योगदानको मान्यतामा प्रदान गरेको हो।

10. Akashvani Sangeet Sammelan

प्रसार भारतीले संस्कृति मन्त्रालयसँगको सहकार्यमा भोलि आकाशवाणी संगीत सम्मेलनको ६७ औं संस्करण सुरु गर्नेछ। सम्मेलन यसै महिनाको २९ तारिखसम्म देशभरका २४ केन्द्रहरूमा सञ्चालन हुनेछ। सम्मेलनले भारतको समृद्ध संगीत परम्पराको संरक्षण, प्रवर्द्धन र लोकप्रियतामा महत्त्वपूर्ण भूमिका खेल्छ।

11. Sports News

अब खेल प्रसंगः  भारतले बहराइनमा भएको एसियाली युवा खेलकुदमा आफ्नो अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन हासिल गर्दै १३ स्वर्ण, १८ रजत र १७ कांस्य सहित ४८ पदक जितेको छ। यससँगै भारत २०२६ को युवा ओलम्पिकको लागि पनि छनोट भएको छ। गोवामा आयोजना हुने FIDE विश्वकप ट्रफीलाई विश्वनाथन आनन्द कप नाम दिइएको छ। यसले भारतका पहिलो चेस ग्रान्डमास्टर र चेसका राजा विश्वनाथन आनन्दलाई सम्मान गर्दछ। आईसीसी महिला एकदिवसीय क्रिकेट विश्वकपमा, भारतले भोलि नवी मुम्बईमा फाइनल भिडन्तमा दक्षिण अफ्रिकाको सामना गर्नेछ। खेल दिउँसो ३

बजे सुरु हुनेछ। सेमिफाइनलमा भारतले अष्ट्रेलियालाई अनि दक्षिण अफ्रिकाले इङ्गल्याण्डलाई पराजित गर्दै फाइनलमा पुगेको हो।

अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः

- छत्तीसगढ सहित देशको हरेक भाग माओवादी हिंसाबाट मुक्त हुने दिन टाढा नरहेको प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ
- आन्ध्र प्रदेशको श्री वेंकटेश्वर स्वामी मन्दिरमा भागदौड हुँदा नौ जनाको मृत्यु
- लखनऊलाई युनेस्को पाक शहरको दर्जा प्रदान
- अनि बहराइनमा भएको एसियाली युवा खेलकुदमा ४८ पदक जितेर भारतको अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन